**Terms of Reference**

**NRNA Physical Infrastructure I and Development Committee**

**एनआरएनए भौतिक पूर्वाधार तथा विकास समितिको कार्य विवरण:**

१. **परिचय :**

गैरआवासीय नेपाली संघले गर्ने परियोजनाहरुको प्राबिधिक पक्ष सवल, प्रभावकारी एवं व्यवस्थित बनाउनको लागि "**एनआरएनए भौतिक पूर्वाधार तथा विकास समितिको** " को व्यवस्था गरिएको छ । यस समितिलाई मूर्त रुप दिन १४ डिसेम्बर सन २०१९ मा भएको ७०औं आइ.सी.सी बैठकमा *एनआरएनए दिगोपन तथा फाउण्डेसन विभाग* अन्तर्गत यस समिति गठन गरिएको छ ।

२. **समितिको कार्य विवरण :**

यस समितिको कार्य विवरण (Terms of Reference) निम्न बमोजिम हुने छ :

२.१ संघले संचालन गर्ने परियोजनाहरु तथा निर्माणाधीन योजनाहरुको प्राबिधिक तथा वातावरणीय पक्षको अध्ययन गरी सम्बन्धित निकायमा पेश गर्ने ।`

२.२ संघले निर्धारण गरेका योजनाहरुको निर्माण गर्ने , व्यवस्थापन गर्ने ।

२.३ संघको निर्देशन बमोजिम अवश्यकता अनुसार भौतिक पूर्वाधारहरुको Technical DDA गर्ने

२.४ संघले स्थापना गरेका पूर्वाधारहरुको संरक्षण र व्यवस्थित गर्ने ।

२.५ पूर्वाधार विकासको लागि आवश्यक पर्ने नीति नियमहरुको तर्जुमा गर्ने ।

**३. समितिको कार्य विधि :**

३.१ समितिका संयोजकको चयन एनआरएनए फाउण्डेसन तथा आर्थिक दिगोपन विभागका प्रमुखको सिफारिशमा र सदस्यहरुको चयन समितिका संयोजकको सिफारिशमा कार्यसमितिको निर्णय बमोजिम हुनेछ । समिति वढीमा २१ सदस्यीयसम्म हुन सक्नेछ ।

३.२ समितिले सदस्यहरु मध्ये कसैलाई खास कामको लागि जिम्मेवारी (अधिकार प्रत्यायोजन) दिन सक्नेछ । समितिले अवश्यकता अनुसार कार्यसम्पादन समिति वनाउन सक्नेछ ।

३.३ समितिले प्राविधिक कामको लागि विशेषज्ञको सहयोग लिन सक्ने छ ।
आवश्यकता अनुसार outsourcing गर्न सक्नेछ ।

३.४ समितिको बैठक हरेक ३ महिनाको एक चोटी बस्ने छ । बैठक भौतिक रुपमा एकै स्थानमा जम्मा भएर वा आधुनिक संचारको प्रयोग गरी टेलिफोन तथा साइबर बाट संचालन गर्न सकिने छ ।

३.५ बैठकको निर्णय इमेल मार्फत Circulation गरिने छ र त्यसमा ७ दिन भित्र कुनै प्रतिक्रिया आएन भने त्यो पारित भएको मानिने छ ।

३.६ कार्यसम्पादन समितिको निर्णयहरु समितिको बैठकले अनुमोदन गर्नुपर्नेछ ।

३.७ समितिले गरेका कार्यको प्रगती विवरण हरेक आइसिसि बैठकको एक हप्ता अगाडि कार्यालय पदाधिकारी समिति समक्ष पेश गरिने छ ।

३.८ संघको सचिवालयले समितिको सचिवालयको कार्य गर्ने छ ।

३.८ समितिले आफ्नो छुटै कार्यविधि वनाई लागू गर्नेछ ।

**४. समितिको समयावधि** :

यस समितिको पदावधि अन्तर्राष्ट्रिय समन्वय परिषदको पदावधि पछि स्वतः समाप्त हुने छ ।

।।समाप्त।।

समितिका सदस्यहरुका नामावली अनुसूची १ अनुसार हुनेछ ।